आर्थिकवर्ष२०७८/७९

# विनियोजन ऐन २०७८

## दुर्गाथली गाउँपालिका

## बझाङ्ग

सुदुरपश्चिम प्रदेश

२०७८

# दुर्गाथली गाउँपालिकाको विनियोजन ऐन,२०७८

**दुर्गाथली गाउँपालिकाको आर्थिक बर्ष २०७८/२०७९को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति:२०७८।०३।२८

**प्रस्तावना:** **दुर्गाथली गाउँपालिकाको** आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम **दुर्गाथली** सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनामर प्रारम्भ:** (१)यस ऐनको नाम"**दुर्गाथली गाउँपालिकाको विनियोजन ऐन २०७८** " रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१)आर्थिकवर्ष २०७८।०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४२,५६,१२,०००।०० (**अक्षेरुपीबयालीस करोड छपन्नलाखबाहहजार रुपैयामात्र**)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्ने अधिकार दिइएको रकमआर्थिक वर्ष २०७६।०७७को निमित्त लेकम गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमागाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमानबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी

शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ विनियोजित रकमव्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशतभन्दाबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमागाउँ सभाको स्वीकृतिलिनु पर्नेछ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | गाउँकार्यपालिका | ५४७५० | १३७६५० | | १९२४०० |
| 2 | | वडा समिति | | | | |
| 3 | | बिषयगतशाखा सर्शत अनुदान | १५१८०० | | | १५१८०० |
| 4 | | गत वर्षको भुक्तानी बाँकी अ.ल्या. | | ४१४१२ | | ४१४१२ |
| 5 | | लगानी (शेयर/ऋण) | | | | |
| 6 | | सामाजिक सुरक्षा भत्ता | ४०००० | | | ४०००० |
| **जम्मा रकम** | | | **२४६५५०** | **१७९०६२** | | **४२५६१२** |